हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

(आ.व. २०८१/०८२) बैठक नं.

आज मिति २०८१ साल भाद्र २७ गते बिहिवारका दिन विहान ८:०० बजे हरिपुर नगर कार्यपालिकाको उन्चालिसौं नगर कार्यपालिका वैठक नगर प्रमुख श्री गोपाल पजियार ज्यूको अध्यक्षतामा बसि निम्न अनुसारको प्रस्तावहरुको विषयमा छलफल गरि निर्णय गरियो ।

**उपस्थिती**

| क्र स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | गोपाल पजियार | नगर प्रमुख | |
| २ | निलम देवी राय यादव | नगर उपप्रमुख | |
| ३ | नानी बाबु थापा | सदस्य(वडा अध्यक्ष वडा नं.१) | |
| ४ | निल विक्रम थापा | सदस्य (वडाअध्यक्ष वडा नं.२) | |
| ५ | लाल महम्द शेष | सदस्य (वडाअध्यक्ष वडा नं.३) | |
| ६ | संजय प्रसाद साह | सदस्य (वडा अध्यक्ष वडा नं.४) | |
| ७ | सुरेन्द्र प्रसाद चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.५) | |
| ८ | प्रेमहरि श्रेष्ठ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | |
| ९ | मनोज कुमार चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.७) | |
| १० | हरि बहादुर थापा | सदस्य (वडाअध्यक्ष वडा नं.८) | |
| ११ | विश्वनाथ राय | सदस्य (वडाअध्यक्ष वडा नं.९) | |
| १२ | फिरोजा खातुन | सदस्य (महिला) | |
| १३ | सुमित्रा देवी | सदस्य (महिला) | |
| १४ | सिमरिखिया देवी दास | सदस्य (महिला) | |
| १५ | गंगीया देवी | सदस्य (महिला) | |
| १६ | चितोरिया कुमारी चौधरी | सदस्य (महिला) | |
| १७ | सिताशरण साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १८ | हिरा विश्वकर्मा | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १९ | सन्तोष प्रसाद साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| २० | ओम प्रकाश महतो | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

मिति २०८१।०५।२७

**मिति २०८१/०५/२७ गते बसेको नगर कार्यपालिकाको बैठकमा प्रस्ताव तथा निर्णयहरु**

प्रस्तावहरु :

१. पूर्व निर्णयको समिक्षा सम्वन्धमा ।

२. सहायक चौथो कर्मचारीको स्तरबृद्धि सम्वन्धमा ।

३. अधिकृत छैठौं तहका कर्मचारीहरुको तह मिलान सम्वन्धमा ।

४. विविध सम्वन्धमा ।

निर्णयहरु

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगर कार्यपालिकाको पछिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समिक्षा गर्दै उक्त निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव प्रस्ताव नं. २ माथि छलफल गर्दा मधेश प्रदेश सरकार द्धारा मिति २०८१।०५।०७ गते प्रमाणीकरण भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ मा स्थानीय सेवाको गठन, सञ्चानल र सेवाका शर्तहरु सम्वन्धमा ब्यवस्था गर्न बनेको ऐनको दफा ४ को उपदफा ६ बमोजिम यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम साविक स्थानीय निकायको सहायक तेस्रो, चौथो, पाँचौ र अधिकृतस्तर छैठौं, सातौं आठौं तहको कर्मचारीहरु स्थानीय तहको समान पदमा समायोजन भई यो ऐन जारी हुँदाका बखतसम्म पाँच वर्ष वा सोभन्दा बढी सेवा अवधि पूरा गरेका कर्मचारीहरुलाई एक पटकका लागि समायोजन हुनु भन्दा पहिलेको सम्वन्धित पद देखिनै ज्येष्ठता कायम हुने गरी अख्तियारवालाले एक तह स्तरबृद्धि गर्ने ब्यवस्था भए अनुसार देहायका कर्मचारीहरु स्त्तरबृद्धिको लागि योग्य रहेकोले साविक स्थानीय निकायका चौथो तहका देहायका कर्मचारीहरुलाई स्तरबृद्धि गर्ने निर्णय गरियो ।

देहाय

| क्र.सं. | नाम, थर | पद/तह | कार्यालय | क.नं.सं. | हाल स्तरबृद्धि गरेको पद/तह |
|---|---|---|---|---|---|
| १ | श्री राजन कुमार पाँचे मगर | खरिदार/सहायक चौथो | हरिपुर नगरपालिका | २-१९-४४५७-०२५२७ | ~~नायब सुब्बा~~/सहायक पाँचौ |
| २ | श्री कौशर आलम मंसुर | खरिदार/सहायक चौथो | हरिपुर नगरपालिका | २-१९-४४५७-०२४३९ | ~~नायब सुब्बा~~/सहायक पाँचौ |
| ३ | श्री निलम चौधरी | खरिदार/सहायक चौथो | हरिपुर नगरपालिका | २-१९-४४५७-०२२७५ | ~~नायब सुब्बा~~/सहायक पाँचौ |
| ४ | श्री सुरेन्द्र कुमार सिंह दनुवार | खरिदार/सहायक चौथो | हरिपुर नगरपालिका | २-१९-४४५७-०१५१९ | ~~नायब सुब्बा~~/सहायक पाँचौ |

प्रस्ताव नं. ३ माथि छलफल गर्दा मधेश प्रदेश सरकारद्धारा मिति २०८१।०५।०७ गते प्रमाणीकरण भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ मा स्थानीय सेवाको गठन, सञ्चानल र सेवाका

मिति २०८१।०५।२७

शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनको दफा ८ को उपदफा २२ बमोजिम यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहमा लोकसेवा आयोगबाट २०७६ सालमा सिफारिस भई स्थानीय तहमा नियुक्त भएका अधिकृत छैठौं तहका कर्मचारीहरुलाई नियुक्ती मिति देखि लागु हुने गरी अख्तियारवालाले सातौं तहमा तह मिलान गर्ने व्यवस्था भए अनुसार देहायका कर्मचारीहरुलाई तह मिलान गर्ने निर्णय गरियो ।

देहाय

| क्र.सं. | नाम, थर | पद | कार्यालय | नियुक्ति मिति | हाल स्तरबृद्धि गरेको पद |
|---|---|---|---|---|---|
| १ | श्री विनय पौडेल | प्रशासन अधिकृत छैठौं | हरिपुर नगरपालिका | २०७६।०८।१९ | सातौं तह |
| २ | श्री भुपेन्द्र कुमार सिंह | लेखा अधिकृत छैठौं | हरिपुर नगरपालिका | २०७६।०८।१९ | सातौं तह |
| ३ | श्री विवेक कुमार यादव | ईन्जिनियर छेठौं | हरिपुर नगरपालिका | २०७६।०९।१५ | सातौं तह |
| ४ | श्री नागेश्वर राय | शिक्षा अधिकृत छैठौं | हरिपुर नगरपालिका | २०७६।१०।२६ | सातौं तह |